
# लेखापरीक्षण प्रतिवेदन

# चौबिसे गाउँपालिका, धनकुटा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## चौबिसे गाउँपालिका, धनकुटा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/19

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
चौबिसे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

## कैफियतसहितको राय

हामीले **चौबिसे गाउँपालिकाको** आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेट तुलानात्मक वितरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ६९ लाख १३ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ करोड ३७ लाख ३९ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ७ लाख ९५ हजार समेत गरी रु. १० करोड १८ लाख ६३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ८६ करोड १० लाख ३६ हजारको लेखापरीक्षण गरिएकोमा रू. ५८ लाख ५५ हजार बेरुजू देखिएको छ। यस बेरुजुमा असुल गर्नुपर्ने रू. ५ लाख ९३ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ५० हजार, नियमित

गर्नुपर्ने रु. ४५ लाख १२ हजार रहेको छ। गत वर्षसम्म रु. ७ करोड ५२ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ३ लाख ९४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **चौबिसे गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो **चौबिसे गाउँपालिका**को लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **चौबिसे गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

### बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ३३ | ५८,५४,९७४ | ० | ० | ० | ० | ६६ | ३३ | ५८,५४,९७४ | ५,९३,१८५ | ४५,११,८४३ | ७,४९,९४६ | ० | ० | ५२,६१,७८९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनकुटा | ७,५२,६७,००० | ० | ७,२७,५३६ | ७,४५,३९,४६४ | ० | ५८,५४,९७४ | ८,०३,९४,४३८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ५१.२ | लघु उद्यम कार्यक्रम | २५,३७४ |
| २ | २०७९/८० | २५ | राजारानी मौनाबुधुक हंशमोरङ सडक स्तरोन्नती दोस्रो फेज | २,०२,२२६ |
| ३ | २०७९/८० | २९ | म्याद थप | ४,९९,९३६ |
| | | | | |

| | |
|---|---|
| जम्मा | ७,२७,५३७ |

# (८०१०६५०२३०० - चौबिसे गाउँपालिका, धनकुटा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा, १४७.६ वर्ग किलोमिटर क्षेत्रफल तथा १७६७७ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२३ देखि २०८१। ०५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा पालिका प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**, आय – व्ययतर्फ रु. ८६१०३६३४१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,१८,५०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| चालु | करकट्टी | २२५०० | २०८१।५।२५ | रा वा बैंक |
| बैठक भत्ता | बढि भुक्तानी | ५०००० | २०८१।५।३० | राष्ट्रिय वाणिज्य बैंक |
| सामाजिक सुरक्षा | बढि भुक्तानी | ४६००० | २०८१।५।३० | राष्ट्रिय वाणिज्य बैंक |
| जम्मा | | ११८५०० | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता-**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८६९१३४५०।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १३७३९४४६।- र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ४१५०००।– र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७९५०००।- समेत गरी रु. १०१८६२८९७।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

• पालिकाको सुत्रमा Revenue model आंशिक रुपमा लागू गरेको, ईन्ट्री गर्नु पर्ने कतिपय टिप्पणीहरु जस्तैः ८, १४, १७ र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको अवस्था छ ।

• पालिकाको यस आ. व. मा प्राप्ती भन्दा भुक्तानी बढी भएको कारण रु. २०४०३४८२।– ले बचतमा र रु. १६५३९३५६।– ले नगद तथा बैंक मौज्दातमा कमी देखिएको छ ।

४ **बजेट पेश, पारित र अख्तियारी-**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ३५ करोड ९० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी पालिका प्रमुखले मिति २०८०।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजनाको प्राथमिकीरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २०४ योजनामा रु.

(रु. हजारमा)

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१ लाख सम्मका योजना सङ्ख्या | रु.१ लाख देखि ५लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | १० लाख भन्दा माथीका योजना |
|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय र वडास्तरीय | १८९ | ३८ | ११५ | २० | १६ |
| २. | रकम रु. हजारमा | ७२०६१ | ३१९६ | २८१६० | ११७१५ | २८९८९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामध्ये २०४ योजना मात्र कार्यान्वियन भई २५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ६ **एकमुष्ट बजेट**–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय-व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु. ३५ लाख एकमुष्ट बजेट व्यवस्था गरी १२ योजनामा रु. २१ लाख २२ हजार खर्च गरेको छ । बजेट एकमुष्टमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | विद्यालय भवन मर्मत संभार | १५०००००० |
| २ | विद्यालय तार घेरावार | २००००००० |

## ७ **बजेट तथा कार्यक्रम तर्जुमा-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ८ **योजना तथा वजेट कार्यान्वयन -**

योजना तथा बजेटमा देखिएका प्रमुख बेहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा

आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १२८९१३२६३ भएकोमा प्रथम त्रैमासिकमा रु. २१२५०६२८।-, अर्थात् १२.७ प्रतिशत दोश्रो त्रैमासिकमा रु. ३५८२२२८१।– अर्थात् २१.५ प्रतिशत तेस्रो त्रैमासिकमा रु. ७१८४०३५४।- अर्थात् ४३.१८ प्रतिशत र असार महिनामा मात्रै रु. ३३५६७०७३।- अर्थात् २०.१८ प्रतिशत भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १३ करोड ५८ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ५ करोड ५६ लाख ५५ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १०.३२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

• कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले अनुनुची २ वमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदन अनुसार कार्यालयको समग्र कार्यक्रमको लक्ष्य र प्रगति विवरण रहेको देखिएन । कार्यालयले तोकिएको लक्ष्य अनुरुप प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।
उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका योजनामा स्थानीय तहका विकासका लागि आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना तयार गरेको छैन । पालिकाले आवधिक योजना तयार गरी बार्षिक योजनासँग तादाम्यता हुने गरी वजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ ।

१० **राजश्व सुधार योजना-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानून बनाउन सक्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।०८१-०८४।०८५ सम्मका लागि राजश्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन । राजश्व सुधार योजना तयार गरी राजश्वको क्षेत्र अभिवृद्धि गर्नुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन्:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक

सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २० जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सो प्रतिवेदन दिनुपर्नेमा यस आर्थिक बर्षको आन्तरिक लेखापरीक्षण भएको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १३ लाख ५३ हजार खर्च लेखेकोमा अनुगमन तथा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ वडा कार्यालय, पालिकाको खाजा खाना, अथिती सत्कार, सभा, कार्यपालिका बैठक, समिति बैठक तथा आकस्मिक कार्यहरु लगायतमा पालिकाले पालिकाले रू. १९ लाख ६८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसारको अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १५ ऐन, ३ नियमावली, २३

कार्यविधि ६ निर्देशिका समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गर्नुपर्नेमा सो गरेको छैन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

• पालिकाले सम्पादन गरेको कार्यको बार्षिक उपलब्धि मापन तथा कार्यक्रमको प्रगती विवरण तयार गर्नु पर्नेमा सो भए, गरेको देखिएमा सम्पादिन कार्यक्रमको बार्षिक प्रगती प्रतिवेदन तथा उपलब्धि मापन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन्। पालिकाले च नं ९३२ मिति २०८०।८।२७ मा प्रदेश लोकसेवा आयोग, कोशी प्रदेशलाई तीन पद १५ संख्यामा पदपुर्तीको लागि पत्रचार गरेको छ। हालसम्म पदपूर्ती भएको छैन।

१३ **कर्मचारी करार-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८(१८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २२५८५७६।- भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गरेको नियमित नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. | कैफियत |
|---|---|---|---|
| सूचना प्रविधि अधिकृत | १ | १४८८७६ | दरबन्दी नभएको |
| सहायक कम्प्यूटर अपरेटर | १ | ३५७१०० | दरबन्दी नभएको |
| अमिन | १ | ३५७१०० | दरबन्दी नभएको |
| ल्याव असिस्टेन्ट | ५ | १३९५५०० | दरबन्दी नभएको |
| जम्मा | | २२५८५७६ | |

| | |
|---|---|
| अनियमित भएको | २२,५८,५७६ |

१४ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४२(३) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. १८३०१४२५।- र पालिकाका कर्मचारीको रु. १३८७१४२५।- गरी रु. ३२१७२८५०।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१६ **जिन्सी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत, सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• राजारानी गेष्टहाउस – साविकको राजारानी गा. वि. स. रहदै शान्ति तथा पूननिर्माण मन्त्रालयबाट बनेको २ तला भवन पर्यटन प्रवर्द्धनको लागि होटल व्यवसाय संचालन गर्ने उद्देश्यले स्थापना भएको पालिकाले जनाएको छ । साविकको राजारानी गा. वि. स. यस चौबिसे गाँउपालिकामा गाभिएपछि स्वतः पालिकाको स्वामित्वमा रहेको छ । पालिकाको स्वामित्वमा रहेको उक्त भवनको अभिलेख

पालिकामा नरहेको, निन्सी अभिलेख नरहेको, उक्त जग्गा पून्य मा. वि. को रहेको पालिकाको भनाई रहेको छ । विगत ३ बर्षदेखि संचालनमा नरहेको अवस्था छ ।पालिकाले आफ्नो भौतिक सम्पत्तिको अभिललेख अद्यावधिक राखी सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

• पालिकाले गत विगत बर्षको मौज्दात रहेका सामानहरुको Public Assets Management System (PAMS) मा प्रविष्टि गर्नुपर्नेमा पूर्ण रुपमा अभिलेख राखेको देखिएमा अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

१७ **यन्त्र उपकरण सञ्चालन-**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले ईन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय तयार गर्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ। साथै निर्माण कार्यको लागि मेसिनरी औजार सञ्चालन गर्दा लागत अनुमान तयार गर्नुपर्ने कामको नापी तथा कार्यसम्पन्न गरेर भुक्तानी खर्च लेखाङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

| **क्र.सं.** | **सामानको विवरण** | **इन्धन, मर्मत लागत** | **जनशक्ति लागत** | **आय** | **खर्च** | ऋणात्मक वचत |
|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि १ | ६७६०१४ | १८०००० | २०००० | ८५६०१४ | (८३६०१४) |
| २. | ट्याक्टर १ | २४०८०० | २६९००० | ३४४०० | ५०९८०० | (४७५४००) |

१८ **म्याद ननाघेको पेश्की-**

(८८।२०८०।१२।१५ र ९३।२०८०।१२।१९)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष न्यू राई निर्माण सेवालाई सडक स्तरोन्नी क्रमागत कार्यक्रमको लागि रु. ६८७०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

१९ **सेवा प्रवाह -**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ. ब. २०८०।०८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । सेवा प्रवाहको अभिलेख व्यवस्थित हुनुपर्दछ ।

| **सि. नं.** | **विवरण** | **विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या** |
|---|---|---|
| १ | विवाह दर्ता | १४० |
| २ | जन्म दर्ता | ३६५ |
| ३ | मृत्यु दर्ता | १७५ |
| ४ | बसाईसराई दर्ता | आएको ३९ जाने ३८० |
| ५ | सम्वन्ध विच्छेद | ३३ |
| ६ | नागरिकता सिफारिस | ८५३ |
|  | ग्रावेल सडक निर्माण | ५१ कि. मि. |
|  | ग्रावेल सडक मर्मत | २६४ कि. मि. |

२० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको २४ गरी कुल ३८ विवाद दर्ता भएकोमा २५ वटा मात्र फर्स्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **ठेक्का व्यवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ९.५३ देखि ६२.०९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२३ **प्राविधिक बिल र कार्य सम्पन्न-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| उपभोक्ता समितिको नाम | कार्य | लागत अनुमान | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| ७ नं खानेपानी ट्याङ्की निर्माण आयोजना उस | ट्याङ्की निर्माण | ६६३२९७ | ६६८०६५ |
| ४ नं वडा कार्यालय व्यवस्थापन उस | गेट तथा तार घेरावार | ६६१३५० | ६६७७१४ |
| तल्लो आमडाँडा देखि माथिल्लो आमडाँडा कृषि सडक स्तरोन्नती उस | सडक निर्माण | ६६३५०२ | ६६७३२९ |
| मझुवाटार खेलमैदान व्यवस्थापन समिति | खेलमैदान स्टेज प्लेयर सिटिङ्ग प्लेस निर्माण | ११००५६५ | ११०६३९३ |
| बुधबारे हटिया ट्रस निर्माण उस | ट्रस निर्माण | ११००१७८ | ११०६७६ |

२४ **क्षेत्रगत बजेट र खर्चको विश्लेषण-**

२४.१ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६३२३६ | ५१९९५ | ११.८४ |
| २ | पूर्वाधार विकास | ५९५५० | ३७५८९ | ८.५६ |
| ३ | सामाजिक विकास | ३३०३०० | २८६७०३ | ६५.३३ |
| ४ | बातावरण तथा विकास | १५०० | ६७० | ०.१५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४९५० | ३९०२ | ०.८८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७७५०० | ५८५९८ | १३.३५ |
| **जम्मा** | | **५३७०३६** | **४३९४५७** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६५.३३ प्रतिशत र वातावरण विकासमा सबै भन्दा घटी ०.१५ प्रतिशत रहेको छ ।

२४.२ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ७९२५५०१।- राजस्व बाँडफाँडबाट रु. ६८५०४४१०।- र अनुदानबाट रु. ३३५१०४२५९।- समेत रु. ४१८३८४८६७।- आम्दानी भएकोमा चालु तर्फ रु. ३०९८७५०८६।- र पूँजीगत तर्फ रु. १२८९१३२६३।- र वित्तीय ब्यबस्था तर्फ रु. ० समेत रु. ४३८७८८३४९।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५८६२०००।- खर्च भएको छ जुन आन्तरिक आयको ७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२५ **कार्यक्रम खर्च-**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ ले सरकारी खर्चलाई मितव्ययी बनाउने गरि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु. ८०१५५७.०० को कार्यक्रममा सामान खरिद गरी वितरण गरेको छ । यस्तो खर्चबाट भएको

उपलब्धी मापन र उपलब्धीमुलक नतिजा मूल्याङ्कन हुनु पर्दछ। गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं./मिति | कार्यक्रम | भुक्तानी रकम रु. |
|---|---|---|
| १०५।२०८०।९।१७ | जेष्ठ नागरीक तिर्थ यात्रा कार्यक्रम | १०००००.०० |
| १३२।२०८०।९।२४ | क्लवलाई कुर्षि टेवल तथा दलितलाई आरन वितरण | १०००००.०० |
| १५९।२०८०।९।२६ | जेष्ठ नागरीक तिर्थ यात्रा कार्यक्रम | १०००००.०० |
| १६६।२०८०।१०।२१ | अति विपन्न विद्यार्थीलाई स्कुल व्याग वितरण | ४९९४६.०० |
| २०४।२०८०।११।१४ | स्थानीय कला संस्कृति प्रवर्द्धन कार्यक्रम (कात याकथुम चुम्लुङ) | ६००००.०० |
| ३२६।२०८१।१।२५ | जेष्ठ नागरिक तीर्थ यात्रा कार्यक्रम | ९००००.०० |
| ३३३।२०८१।१।२६ | जेष्ठ नागरिक तीर्थ यात्रा कार्यक्रम | १०००००.०० |
| ३६०।२०८२।२।२८ | विपन्न विद्यार्थीलाई विद्यालय पोशाक वितरण | १०००००.०० |
| २५४।२०८०।१२।२ | कृषि अवलोकन भ्रमण | १०१६११.०० |
| | जम्मा | ८०१५५७.०० |

## २६ बिल भरपाई बेगरको भुक्तानी-

१६६।०८०।१०।२१,३६०।२०८१।२।२२ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । अति विपन्न विद्यार्थीलाई स्कुल ब्याग तथा विद्यालय पोशाक वितरण गर्न शुभम ट्रेडर्सलाई रु. ४९९४६.०० तथा शेर बहादुर लिम्बुलाई रु. १०००००.०० समेत रु.१४९९४६.०० भुक्तानी गरी देहायका विद्यालयलाई देहायको संख्यामा विद्यालय पोशाक तथा स्कुल व्याग वुझाइएको भरपाई संलग्न रहेको फाँटवारीमा विद्यालयले लक्षित विद्यार्थीलाई उक्त सामाग्री बुझाएको देखिएन । कार्यक्रम लक्षित विद्यार्थीलाई देहाय बमोजिमको समाग्री बुझाएको प्रमाण पेश हुनुपर्ने

| क्र.स. | विद्यालयको नाम | स्कुल व्याग संख्या (गोटा) | विद्यालय पोशाक संख्या (जोर) | रकम |
|---|---|---|---|---|
| १ | श्री सिंहदेवी चौकी भञ्ज्याङ्ग मा.वि. | १३ | १४ | ३३९१६ |
| २ | श्री अठारसय मा.वि. | ११ | १२ | २७१६२ |
| ३ | श्री ठाडागाउँ प्रा.वि. | ६ | ७ | १५७६७ |
| ४ | श्री कालिका प्रा.वि. | ६ | ७ | १५७६७ |
| ५ | श्री सोक्रोपा प्रा.वि. | ६ | ७ | १५७६७ |
| ६ | श्री सल्लेरी प्रा.वि. | ६ | ७ | १५७६७ |
| ७ | श्री साराथुक्पा प्रा.वि. | ५ | ६ | १२९०० |
| ८ | श्री सरस्वती प्रा.वि. | ५ | ६ | १२९०० |
| जम्मा | | ५८ | ६६ | १४९९४६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,९४६ |

## २७ सूचना प्रकाशन-

पालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु. ११११५१५९.००.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.भौ.नं/मिति | सेवा प्रदायक | भुक्तानी रकम रु. | छुट लिएको प्रतिशत |
|---|---|---|---|
| १९३।२०८०।११।१ | पुर्व क्षितित प्रकाशन प्रा.लि. | ४८०२५.०० | ० |
| २२७।२०८०।११।२३ | पुर्व क्षितित प्रकाशन प्रा.लि. | १६९५०.०० | ० |
| २४७।२०८०।१२।७ | जोइन मिडिया प्रा.लि. | १३२८८८.०० | ३० |
| २४७।२०८०।१२।७ | अतिथि मिडिया एण्ड इभेण्ट प्रा.लि. | ६८८१७.०० | ३० |
| २४७।२०८०।१२।७ | अतिथि मिडिया एण्ड इभेण्ट प्रा.लि. | ६८८१७.०० | ३० |
| २४७।२०८०।१२।७ | नमस्ते क्रियसन एण्ड एडभरटाइजिङ्ग प्रा.लि. | ९४९२०.०० | २५ |
| ३८९।२०८१।३।१० | पुर्व क्षितित प्रकाशन प्रा.लि. | ११३००.०० | ० |
| ३९८।२०८१।३।१६ | रेडियो प्रसार सेवा समिति लगायत २२ संस्था | १६९८६०.०० | ० |
| ४६७।२०८१।३।२३ | युग पव्लिकेशन | २७०५२२.०० | २५ |
| ४६६।२०८१।३।२३ | रोजी एडभरटाइजिङ्ग एजेन्सी | २३३०६०.०० | २५ |
| जम्मा | | १११५१५९.०० | |

२८ **ईन्धन खर्च-**

पालिकाले इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नुपर्दछ। पालिकाले १ गाडी, २२ मोटरसाईकल १ थान जेसिवि, १ थान ट्याक्टर र १ थान एम्वुलेन्स समेतका लागि ईन्धन खर्च बापत यस बर्ष रु.१० लाख ९ हजार खर्च लेखेको छ। उल्लेखित साधनका लागि ईन्धन प्रयोगको सम्बन्धमा पालिकाले सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको मापदण्ड बनाएर खर्च गरेको छैन। पालिकाले मापदण्ड तयार गरेर ईन्धन खर्च व्यवस्थित गर्नुपर्दछ।

२९ **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशुपंक्षी अनुदानमा रु. ३४,४१,२३९।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | समुह/ व्यक्तिगत फर्म संख्या | कार्यक्रमको नाम | अनुदानको प्रकार | सम्झौता रकम | भुक्तानि रकम |
|---|---|---|---|---|---|
| १ | २७ | मिनिटिलर वितरण | ५०% | १३,४४,००० | ६,७२,००० |
| २ | ४३ | कृषि सामाग्री वितरण | ५०% | ७,९९,२०० | ३,६१,४०८ |
| ३ | ३५ | राजारानी बसन्तटार मुडेबार बुधबारेमा काउलीको विउ वितरण | ५०% | ९,९९,९२० | ८,४८,९६१ |
| ४ | ३१ | राजारानी बसन्तटार मुडेबार बुधबारेमा काउलीको विउ वितरण | ५०% | ५,२३,४४० | २,५३,८६८ |
| ५ | ११ | मटरको विउ वितरण | ५०% | १,९०,००० | ९२,१५० |
| ६ | १० | गोलभेडा पकेट कार्यक्रम अन्तगर्त विउ वितरण | ७५% | ३,४४,६०० | २,५३,२८१ |
| ७ | १० | भेडेखुर्सानीको विउ वितरण | ५०% | १,५६,००० | ७५,६६० |
| ८ | १४ | किवीको विरुवा वितरण | ५०% | ८१,९०० | ३९,७२१ |
| ९ | ६ | आँप लिचीको विरुवा वितरण | ५०% | ३,२७,६२७ | १,५८,८९९ |
| १० | | आकास्मिक बाली संरक्षण सेवा | ७५% | ४,२०,६०० | ३,०९,१४१ |
| ११ | १५ | मकैको विउ वितरण | ७५% | १,६४,५०० | १,२३,३७५ |
| १२ | २ | अमिलो जातको विरुवा वितरण | ५०% | ९९,९६० | ४८,४८० |
| १३ | ९ जना | मोटर सहितको च्याप कटर( पशुपन्छी ) | ५०% | ३,१५,००० | १,५२,७७५ |
| १४ | १ जना | युवा लक्षित बाख्रा प्रर्वद्धन( पशुपन्छी ) | ५०% | २,००,००० | १,००,००० |
| | | जम्मा | | | ३४,४१,२३९ |

३० **स्याउ कागती विरुवा वितरण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले स्याउ कागतीको विरुवा वितरण कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद कानुनले निर्दिष्ट गरेको प्रकृया पुरा नगरि खरिद कार्य गरेको देखिन्छ। साथै पालिकाले तमोर पर्माकल्चर सिकाई थलोबाट स्याउ कागतीको विरुवा खरिद गर्दा प्रचलित जिल्ला दर प्रयोग गरेको पाईएन:

| गोश्वारा भौचर | परिमाण | भुक्तानी दर | जिल्ला दर | बढि भुक्तानी |
|---|---|---|---|---|
| ४१, २०८०।९।२४ | कागती- ३०० | ३०० | १९० (अधिकत दर) | ३३००० |
| | स्याउ विरुवा- ३०० | ३०० | जिल्ला दररेटमा नखुलेको | - |
| १२५, २०८१।१।३१ | कागती विरुवा- २०० | ३०० | १९० (अधिकत दर) | २२००० |
| | स्याउ विरुवा- १३५ | ३०० | - | - |
| जम्मा | | | | ५५००० |

पालिकाले स्याउको दर यकिन गर्दै बढि भुक्तानी भएको देखिएमा सम्बन्धित सप्लायर्सबाट असुल गर्नुपर्दछ। साथै कागतिको विरुवा खरिद गर्दा जिल्ला दर भन्दा बढि दरमा खरिद गरि भुक्तानी भएको रु. ५५०००/- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,००० |

३१ **गरिवसँग विश्वेश्वर कार्यक्रम-**

पालिका र गरिवसँग विश्वेश्वर कार्यक्रम मुल समिति र चौविसे वीच सदस्यहरुलाई आय आर्जन गर्नका लागि २०८०।१२।१५ मा सम्झौता भएको छ । ५ वटा समुह सदस्यलाई १६ वटा ५०० लि. हिलट्याङ्क, २० प्याकेट टमाटरको बीउ २४ के. जी., सिकिमे वोडी

१३९ के. जी., उन्नत जातको कमैको वीउ र २५ प्याकेट भेडे खोर्सानीको वीउ वितरण कार्यमा रु. १९६८३४।– भुक्तानी अनुदान दिएको देखिन्छ । उक्त अनुदान रकमको उपलब्धी तथा मूल्याङ्कन मापन गर्नुपर्दछ ।

३२ **नापी किताब-**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाको डोजर प्रयोग गरि बाटो कटिङ कार्य गर्दा डिजल र पेट्रोल प्रयोग भएको भनि अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रालिलाई भुक्तानी गरेकोमा कति कार्य गर्दा निम्म रकम खर्च बराबरको डिजेल/पेट्रोल प्रयोग भएको भन्ने नापि किताब पेश भएको छैन। पालिकाले बाटो कटिङमा उल्लेखित रकम बराबरको प्रट्रोलियम पदार्थ प्रयोग भएको पुष्टिहुने गरि नापि किताब पेश गर्नुपर्ने रकम रु.

| भौचर नं | कार्य | रकम |
|---|---|---|
| ९९, २०८०।१२।२८ | मुठेबास टोड्के सडक निर्माण | २,००,००० |
| १२२, २०८१।१।३१ | तिलिगाउँ कृषि सडक | ४,००,००० |
| जम्मा | | ६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

३३ **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट गराएको गराएको-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत सम्झौता गरेका योजनाहरु पुनः उपभोक्ताले निर्माण व्यवसायी मार्फत कार्य गराएको देखिन्छ। योजनाको दर विश्लेषण गर्दा डोजर प्रयोगबाट गरिने गरी स्वीकृत गरिएको भएपनि सामान्य बाटो कटिङ, सडक सरसफाई, खेलमैदान निर्माण जस्ता जटिल नदेखिएका कार्यहरुमा समेत डोजर प्रयोग भएको औचित्यपूर्ण देखिएन। उपभोक्ता समितिलाई भएको भुक्तानी र निर्माण व्यवसायीको बिल विश्लेषण गर्दा उपभोक्ताको कार्य निर्माण व्यवसायिबाट भएको हुँदा यस्ता कार्य प्रतिस्पर्धात्मक विधिबाट गराउनुपर्दछ। केही उदाहरणहरुः

| गोभौ/मिति | उपभोक्ता समिति | भुक्तानी रकम | निर्माण व्यवसायी | निर्माण व्यवसायीद्धारा पेश भएको विल रकम |
|---|---|---|---|---|
| १४, २०८०।७। १ | वडा भरिको सडक मर्मत सम्भार | २००००० | शिव गणेश सन्तोष निर्माण सेवा प्रालि | २०१२६४ |
| २९, २०८०।८। २८ | | २९९००० | शिव गणेश सन्तोष निर्माण सेवा प्रालि | २९६१६३ |
| ५६, २०८०। १०।२५ | आम डाँडा पारी ग्रामीण सडक उस | २९९००० | शिव गणेश सन्तोष निर्माण सेवा प्रालि | २८९०४९ |
| ६९, २०८०।। ११।१४ | खाउदेन कृषि सडक मर्मत उस | १९९००० | एच एस निर्माण सेवा | २०२५५६ |
| ११७, २०८१। १।२० | सरस्वती आवि खेलमैदान सुधार उस | ३९९००० | एरिजोना कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रालि | ३४८३३२ |
| १२१, २०८१। १।२६ | भुल्के कृषि सडक उस | ३४९००० | राजारानी निर्माण सेवा प्रालि | ३५११४७ |
| १३२, २०८१। २।१४ | लाहातपा बैकुण्ठे कृषि सडक | १९९००० | टिम विल्डर्स प्रालि | १९७६१० |
| १३६, २०८१। २।१८ | डुम्रेडाँडा पैरेनीटोल सडक निर्माण उस | ९९,००० | टिम विल्डर्स प्रालि | ९९४१८ |
| १७२, २०८१। ३।२१ | तल्लो अमकडाँडा देखि माथिल्लो आमडाँडा कृषि सडक स्तरोन्नती | ५९९००० | टिम विल्डर्स प्रालि | ५४१०७८ |
| १७८, २०८१। २।१४ | मुक्तारा खेलमैदान निर्माण उस | ४१३००० | शिव गणेश सन्तोष निर्माण सेवा प्रालि | ३९१०६९ |
| जम्मा | | ३०५५००० | | २९१७६८६ |

३४ **पदाधिकारी अनुगमन भत्ता-**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ (ख) बमोजिज नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यले तोकिएको दरमा मासिक अनुगमन भत्ता पाउने र सो भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवसथा छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।०८१ मा पदाधिकारी सुविधामा मासिक अनुगमन भत्ता वापत गाउँपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्य समेत १६ जनालाई पे रोलमा समावेश गरी रु. ७८००००.०० भुक्तानी गरेको छ। ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन प्रतिवेदन संलग्न गरी भुक्तानी गर्नुपर्दछ।

३५ **पदाधिकारी भ्रमण भत्ता-**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १ मा आफ्नो गाउँ तथा नगरपालिकको क्षेत्र भन्दा बाहिर गई बास बस्नु परेमा तोकिए बमोजिमको भ्रमण खर्च पाउने, दफा ४(१) बमोजिम गाउँपालिका अध्यक्षको हकमा ३ दिन सम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने र सभाका अन्य सदस्यको हकमा अध्यक्षबाट भ्रमण आदेश स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाका अध्यक्षले आफ्नो तीन दिन भन्दा बढीको भ्रमण आदेश आफै स्वीकृत गरेर गरी भ्रमण भत्ता बुझेको रु. ५२४००.०० नियम सम्मत

देखिएन । यस्तो खर्चको अनुमोदन हुनुपर्दछ ।

३६ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष १०० थानको रु. १ लाख र यस वर्ष १०० थानको रु. १ लाखको खरिद गरेकोमा गत वर्ष ९२ जना र यस वर्ष ६३ जना गरी १५४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३७ **औषधि खरिद-**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी ३ फर्मलाई रु. १८२७३५१।- भुक्तानी दिएको छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । उदाहरणको लागि ५ औषधीको परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

| सि. नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि:शूल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetamol 500 mg | May, 2026 | नभएको |
| २ | Amoxycillin 500 mg | March, 2026<br>Nov. 2025 | नभएको |
| ३ | Renitidine 150 mg | April, 2026 | नभएको |
| ४ | Metronidazole 400 mg | Feb. 2026 | Ins supply |
| ५ | Inuprofen 200 mg | March, 2026 | Supply only |

३८ **म्याद समाप्त भएका औषधीहरु-**

पालिकाबाट प्राप्त विवरण अनुसार नाभी मलम ६० ट्यूव, जिङ्ग चक्की करिव ५००० ट्यावलेट, प्रिमाक्यूईन करिव १००० ट्याव, लिगनेट इन्जेक्सन करिव १० मायल, भिटामिन के इन्जेक्सन २५० ए. एम. पि., ट्रानाज्यामिक इन्जेक्सन करिव ५० AMP लगायतका औषधीहरु अवधि समाप्त भई म्याद गुज्रेको अवस्थामा रहेको देखिन्छ । मागको आधारमा नभई प्रदेश आपूर्ति व्यवस्थापनबाट कम म्याद भएका औषधीहरु पठाइने हुदाँ समाप्त भएका औषधीको समस्या रहेको पालिकाको भनाई छ । तोकिएबमोजिमका म्याद नभएका औषधि स्वीकार गर्नुहुदैन। म्याद समाप्त औषधीहरुको उचित व्यवस्थापन गर्नुपर्दछ ।

३९ **स्वास्थ्य बीमा-**

पालिकाबाट प्राप्त विवरण अनुसार विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम तर्फ २४२ जनाको रु. ७१४७८८।– अपाङ्ग भएका व्यक्तिहरु ८८ जनाको रु. ३०८०००।– समेत रु. १०२२७८८।– खर्च लेखेको देखिन्छ । पालिकाले स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी छनौटको मापदण्ड तयार गरेको छैन। पालिकाले स्वास्थ्य बिमा कार्यक्रमबाट उच्च लाभावन्वित घर परिवारलाई प्राथमिकतामा राखेर स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४० **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७२२५०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ७९२५५०१।- अर्थात अनुमान भन्दा ९ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

४१ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु. | आन्तरिक आय रु. | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८१०९६००० | ७९२५५०१ | ९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४२ **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** | **गत बर्षको असूली** |
|---|---|---|---|---|
| सम्पत्ति कर | ११००००० | १६९०१६८ | १५३ | १०७३५५५ |
| वहाल कर | ५०००० | ६६०० | १३.२ | ३८६१० |
| व्यवसाय कर | १००००० | २७३९४० | २७३.९४ | १९९९०० |

पालिकाको विभिन्न प्रतिवेदन अनुसार यस बर्ष पालिकाले ८३९२ करदाताबाट रु. १६९०१६८।– सम्पत्ति कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ । पालिकाले गत बर्षको असूलीको तुलनामा यस बर्ष सम्पत्ति कर बढेको, बहाल कर घटेको, व्यवसाय कर बढेको देखिन्छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४३ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले २७६ व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २७३९४०।– कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४४ **असुली गर्न बाँकी आन्तरिक आय** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। तर पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्न बाँकी आम्दानी आयगत लगत व्यवस्थित गर्नुपर्दछ ।

४५ **आय ठेक्का-**

पालिका र चुरिया विल्डर्स प्रा. लि. उदयपुरबीच छरुवा खोला क्षेत्र नं. १, २ र ३ को ढुङ्गा, गिटी, वालुवा संकलन तथा विक्री गर्न रु. ३३४९०९४।– (मू. अ. कर समेत) मा २०८०।१२।७ को सम्झौता भएको देखियो । एक मात्र बोलपत्रदाताबाट बोलपत्र स्वीकृत गरेको आय ठेक्कामा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन् :

• सम्झौता अनुसार प्रा. लि. ले संकलन गरेको ढुङ्गा, गिटी, वालुवाको परिमाण प्रचलित कानूनको अधिनमा भए नभएको विवरण नखुलेको, हेभी मेसिन प्रयोग गर्न नपाइने सम्झौताको बुदा नं. ७ मा उल्लेख भएकोमा सोको अवस्था यकिन नभएको, शर्तहरुको परिपालना ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७९ बमोजिम हुने उल्लेख भएकोमा सोको परिपालना भए नभएको सम्बन्धमा यकिन हुन सकेन ।

• पालिकाबाट उक्त स्रोत संकलन तथा विक्रीको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन ।

• मुल्य अभिवृद्धि कर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ३८५२९४।- असूल गरी सङ्घीय सञ्चित कोष खाताको राजस्व शिर्षक ३३३१७ मा दाखिला गर्नु पर्ने रु.

| क्र.सं. | व्यवसायी | न्यूनतम कायम रकम | कबोल रकम | मूअकर |
|---|---|---|---|---|
| १ | चुरिया विलडर्स प्रा. लि. उदयपुर | २९२०००० | २९६३८०० | ३८५२९४।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८५,२९४ |

४६ **छात्रावृत्ति अनुदान-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलापमा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ४४ विद्यालयमा रु. १७११८१९१३।- निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्याका आधारमा छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ।

४७ **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११४१ जना रहेका छन। पालिकाले एण्डालश्च हाइजिङ्ग म्यानुफ्याक्चरिङ्ग प्रा. लि., ललितपुरबाट १६६८५ थान स्यानिटरी प्याड रु. ५००३८६।- (मु. अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि ५८८५ थान मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४८ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या

निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयकोनाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ती मध्ये करार /राहत | विद्यार्थी संख्या (२०८०) |
|---|---|---|---|---|---|
| १ | कालिकाप्रा.वि. | ३ | ३ | २ | 69 |
| २ | अठारसय मा.वि. | ११ | ११ | ४ | 211 |
| ३ | सोक्रोपा प्रा.वि. | ३ | ३ | १ | 59 |
| ४ | सल्लेरी प्रा.वि. | ३ | ३ | २ | 33 |
| ५ | ठाडागाऊँप्रा.वि. | २ | २ | ० | 56 |
| ६ | सरस्वतीप्रा.वि. | २ | २ | १ | 35 |
| ७ | सिहदेवी मा.वि. | १५ | १५ | ७ | 292 |
| ८ | साराथुक्पाप्रा.वि. | २ | २ | १ | 38 |
| ९ | बज्रमाई मा.वि. | ९ | ९ | ४ | 106 |
| १० | मच्छिन्द्रदेवीआ.वि. | ६ | ६ | १ | 87 |
| ११ | मंगलादेवी मावि बोधे | १० | १० | ४ | 136 |
| १२ | बोधे प्रावि बोधे | २ | २ | १ | 32 |
| १३ | सिंहदेवी प्रावि बोधे | २ | २ | ० | 35 |
| १४ | बरगाछी प्रावि | २ | २ | ० | 44 |
| १५ | शारदा मा.वि. | २४ | २४ | ११ | 353 |
| १६ | जोरगणेश प्रा.वि. | २ | २ | ० | 21 |
| १७ | मेक्लाजुङप्रा.वि. | १ | १ | ० | 31 |
| १८ | जनताआधारभूत वि. | ७ | ७ | ३ | 71 |
| १९ | बालजन्य प्रा.बि. | १ | १ | ० | 23 |
| २० | जीवनज्योति प्रावि | २ | २ | ० | 21 |
| २१ | त्रैलोकेश्वरप्रावि | २ | २ | २ | 30 |
| २२ | सरस्वतीआवि | ५ | ५ | २ | 81 |
| २३ | जानकीबुढासुब्बा प्रावि | ३ | ३ | १ | 55 |
| २४ | जालपादेवी प्रावि | २ | २ | १ | 38 |
| २५ | जनकल्याणआ.वि. | ६ | ६ | २ | 87 |
| २६ | जनसेवाआ.वि. | ५ | ५ | ३ | 48 |
| २७ | जनताप्रा.वि. | ३ | ३ | १ | 37 |
| २८ | कुरुलेतेनुपामा.वि. | १४ | १४ | ५ | 333 |
| २९ | बुधुक मा.वि. | १८ | १८ | ४ | 538 |
| ३० | जनज्योति प्रा.वि. | २ | २ | ० | 25 |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३१** | **पिपलडाँडा प्रा.वि.** | २ | २ | ० | 28 |
| **३२** | **सिंहदेवी प्रा.वि.** | १ | १ | ० | 20 |
| **३३** | **मौनाबुधुक प्रा.वि.** | ३ | ३ | ० | 25 |
| **३४** | **संयुक्त मा.वि.** | १५ | १५ | ६ | 346 |
| **३५** | **शुभकामनाप्रा.वि.** | ३ | ३ | ० | 32 |
| **३६** | **वालकल्याणप्रा.वि.** | १ | १ | १ | 13 |
| **३७** | **धारापानीआ. वि.** | ७ | ७ | २ | 103 |
| **३८** | **मुढेवास मा.वि.** | १० | १० | ६ | 146 |
| **३९** | **बालबिकास प्रा.वि.** | २ | २ | १ | 36 |
| **४०** | **जनशिक्षा सदन प्रा.वि.** | १ | १ | ० | 16 |
| **४१** | **जलकन्या प्रा.वि.** | २ | २ | ० | 35 |
| **४२** | **दुर्गातिलिङ प्रा.वि.** | २ | २ | ० | 25 |
| **४३** | **बराह प्रा.वि.** | १ | १ | ० | 18 |
| **४४** | **पुण्य मा.वि.** | १९ | १९ | ७ | 456 |
| | जम्मा | २३८ | २३८ | ८६ | 4324 |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । साथै न्यून विद्यार्थी भएका विद्यार्थीहरु नजिक भएमा मर्ज गर्ने वा विद्यार्थी संख्या बढाउन आवश्यक व्यवस्था गर्नुपर्दछ।

४९ **बिद्यालयहरुको लेखापरीक्षण-**

पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । पालिकाले ४४ विद्यालयहरुका लागि रु. १७११८१९१३।- निकासा खर्च गरेको छ । पालिकाले आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म आ. व. ०७९।८० को निकासाको लेखापरीक्षण गराएका ४४ विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको छैन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

५० **बालविकास केन्द्र तथा विद्यालय कर्मचारी तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा गत विगतदेखि नै समानिकरण अनुदानबाट ४४ विद्यालयका बाल विकास केन्द्र तथा विद्यालय कर्मचारीहरुको साझेदारिमा तलब भत्ता रु. १,८९,२९,२३०।- तलब भत्ता भुक्तानी गरेको देखियो ।

५१ **विद्यालयलाई प्रति विद्यार्थी अनुदान-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ४४ विद्यालयमा रु. १५२४४५०।- निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्याका आधारमा अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको देखिएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान प्रकार | रकम |
|---|---|---|---|---|
| १ | विभिन्न ४४ (प्रति विद्यार्थी लागत) | ४३६२ | शशर्त | १५२४४५०।- |
| २ | विभिन्न ४४ (दिवा खाजा) | २४४४ | शशर्त | ५९१०१५०।- |

५२ **दिवा खाजा-**

कार्यक्रम कार्यान्वय पुस्तिका,२०८० अनुसार स्थानीय निकायले दिवाखाजा वापत वाल कक्षा देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी रु.१५/- का दरले एक शैक्षिक शत्रमा १८० दिन नवढ्ने गरी विद्यालय सञ्चालित दिन र सो दिनहरुमा उपस्थित विद्यार्थीको संख्या यकिन गरेर मात्र विद्यालयलाई त्रैमासिक रुपमा पेश्की स्वरुप विद्यालयको वैंक खातामा निकासा दिनु पर्ने व्यवस्था छ । त्यस्तै कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ बमोजिम विद्यालयले आफूले पाउनुपर्ने अनुदान रकम निकासा लागि अघिल्लो महिनाको चौमासिक प्रगति विवरण तयार गरी अनुदान निकासा माग वमोजिमको ढाँचा अनुसूची ७ मा उल्लेख भए वमोजिम स्थानिय तहमा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वय पुस्तिका,२०८० अनुसार दिवाखाजा वापत वाल कक्षा देखि ५ सम्मका विद्यार्थीहरुका लागि मात्र निकासा दिनु पर्नेमा कक्षा ६ का विद्यार्थीको लागि समेत विद्यालयलाई निकासा दिएको सम्वन्धित विद्यालयवाट असूल हुनुपर्ने रु.

| **क्र.स.** | **विद्यालयको नाम** | **विद्यार्थी संख्या** | **श्रावण र भाद्रको जम्मा हाजिरी दिन** | बढी निकासा |
|---|---|---|---|---|
| १ | अठारसय मावि बसन्तटार | 25 | 474 | 7110 |
| २ | सिहदेवी मावि चौकीभञ्ज्याङ | 36 | 1177 | 17655 |
| ३ | बज्रमाई मावि बोधे | 9 | 271 | 4065 |
| ४ | मच्छिन्द्रदेवी आ.वि. हमेला | 10 | 198 | 2970 |
| ५ | मंगलादेवी मावि बोधे | 15 | 318 | 4770 |
| ६ | शारदा मा.वि. बुधवारे | 40 | 1375 | 20625 |
| ७ | जनता आधारभूत वि. मुक्तारा | 5 | 158 | 2370 |
| ८ | सरस्वती आवि कुरुले | 17 | 286 | 4290 |
| ९ | जनकल्याण आ.वि. बरगाछी | 17 | 350 | 5250 |
| १० | जनसेवा आ.वि. बाजथला | 9 | 166 | 2490 |
| ११ | कुरुलेतेनुपा मावि | 21 | 366 | 5490 |
| १२ | बुधुक मावि मौनाबुधुक | 52 | 1563 | 23445 |
| १३ | संयुक्त मा.वि.टोक्रोम्वा | 30 | 717 | 10755 |
| १४ | धारापानी आ. वि. सिन्धसार | 8 | 250 | 3750 |
| १५ | मुढेवास मा.वि. मुढेवास | 25 | 733 | 10995 |
| १६ | पुण्य मावि राजारानी | 43 | 1364 | 20460 |
| | **जम्मा** | 362 | 9766 | 146490 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,४९० |

५३ **सोझै खरिद-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका मसलन्द तथा कार्यालय सामाग्री खरिद लागि प्रतिस्पर्धा नगराई विभिन्न सप्लायर्सबाट सोझै खरिद गरी रु. १४ लाख ८६ हजार ६९९ खर्च गरेको छ । जुन पालिकाका पूँजीगत खर्चको १.१५ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ । केही उदाहरणहरुः

| क्र. सं. | गो. भौ. नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकमरु. |
|---|---|---|---|---|
| १ | ९।०८०।६।२१ | विभिन्न ३ फरक फरक सप्लायर्स | कार्यालय सामाग्री | ६८१८६६ |
| २ | १९५।०८०।११।२ | भिसन सप्लायर्स | कार्यालय सामाग्री | १७०८०८ |
| ३ | २८०।०८०।१२।२८ | विभिन्न २ फरक सप्लायर्स | कार्यालय सामाग्री | १५६७१४ |
| जम्मा | | | | १००९३८८ |

## ५४ सोझै खरिद-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरि ५ लाख भन्दा बढी रकमको सवारिसाधन मर्मत वा सर्भिसिङ्ग कार्य एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ। पालिकाले सवारि साधन मर्मत बापत एकै सेवा प्रदायबाट रु ५ लाख भन्दा बढिको कार्य गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| गो.भौ.नं./मिति | सेवाप्रदायक | कामकोविवरण | भुक्तानीरकम |
|---|---|---|---|
| ४५५।२०८१।३।२० | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | ३९४५९५.०० |
| ४५६।२०८१।३।२० | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | १३६५५४.०० |
| ४५७।२०८१।३।२० | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | १२३७१८.०० |
| २९२।२०८१।१।९ | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | १६८६२१.०० |
| २२८।२०८०।११।२३ | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | ३८४७११.०० |
| १३९।२०८०।९।२४ | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | ४९०३५७.०० |
| ५।२०८०।६।११ | पशुपति सर्भिसिङ्ग सेण्टर | सवारी साधन मर्मत | ३८४७११.०० |
| जम्मा | | | २०८३२६७.०० |

| | |
|---|---|
| अनियमित भएको | २०,८३,२६७ |

## ५५ सामाजिक सुरक्षा-

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले निम्नानुसार २ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । लेखापरीक्षणको क्रममा पालिकाबाट प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा निकासा भएको रकम रु. ८६९१३४५०।- रहेको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

## ५६ मृत्यू पश्चातको भुक्तानी -

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यू भएमा मृत्यू भएको दिनसम्मको मात्र भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा पालिकाबाट देहायबमोजिमका व्यक्तिहरुलाई मृत्यू भए पश्चात समेत सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिन्छ । उक्त वितरण भएको देहाय बमोजिमको भूक्तानी रु. ६४०१।- असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| क्र. सं. | लाभग्राहीको नाम | परिचयपत्र नं. | वडा नं. | असुल गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| १ | काली माया लिम्बु | 1994123042072 | २ | ४६६७ |
| २ | तुल माया कार्की | 2005091003795 | ८ | १७३४ |
| जम्मा | | | | ६४०१ |

| असुल गर्नुपर्ने | ६,४०१ |
|---|---|

## ५७ सामाजिक सुरक्षा भत्ता वितरणको तुलना-

यस पालिकावाट गत आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०७९।८० मा रहेका लाभग्रहीको संख्या | २०८०।८१ मा रहेका लाभग्रहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ७० वर्ष माथि | ४००० | १३४९ | १३१७ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | ६७ | ७० |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | १७३ | १९३ |
| ४ | विधवा | २६६० | २५५ | २४७ |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ६५ | ६५ |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | १८६ | १७९ |
| ७ | दलित बालवालिका | ५३२ | ६९ | ७३ |
| | **जम्मा** | | २१६४ | २१४१ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीलाई रु. ८४८६६४४९।- खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. ८६९१३४५०।- खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. २०४७००१।- वढी खर्च भएको छ । तर लाभग्राहीको संख्या गत बर्षको भन्दा २३ जनाले घटी छ। यस सम्बन्धमा पालिका यकिन हुनुपर्दछ।

## ५८ विवरण पेश तथा समिक्षा र सार्वजनिक सुनुवाई-

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

## ५९ दश शैया अस्पताल-

दश शैया अस्पताल भवन निर्माणको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तीय हस्तारण वमोजिम यस आर्थिक वर्षमा रु.३,३६,००,०००/- निकासा भएको छ । अस्पताल निमार्णको लागि लागत अनुमान मू.अ.कर समेत रु.२१,५८,००,०००/- रहेकोमा मिति २०७८।०९।२५ गते ओम साईराम।एस.ए.एस. जे. भी विराटनगर सँग मिति २०८०।०९।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी कबोल अंक रु.१५,०९,२६,७१७/- मा ठेक्का सम्झौता भएकोमा हाल नवौं रनिङ्ग विल सम्म रु. ८,५३,४२,३९२।९८ खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् ।

म्याद थप - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६(२) मा काबु वाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानसिब कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तीको निवेदन वमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि वढाउन सक्ने व्यवस्था छ । दश शैया अस्पताल भवन निर्माणको मिति २०८०।९।२५ मा कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा मिति २०८०।०९।१४ मा कार्यपालिका वैठकले मिति २०८२।३।३० सम्म म्याद थप भएको देखिन्छ ( सुरु म्याद २४ महिना रहेकोमा पहिलो पटक १८ महिना अर्थात ७५ प्रतिशत म्याद थप) म्याद थप गर्दा उचित कारण खुलाईको छैन । नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्दछ।

स्थलगत निरीक्षण- लेखापरीक्षण क्रममा मिति २०८१।५।२५ मा स्थलगत निरक्षण गर्दा स्ट्रक्चरको मात्र कार्य भई ईट्टा लगाउने काम, फ्रेम झिक्ने लागयतका अधिकाशं कार्य वाँकि रहेको देखियो । समय मै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ६० **धप्पर ताल व्यावस्थापन( ठेक्का नं. CRM/DKT/NCB/05/077/78)**

६०.१ धप्पर ताल व्यवस्थापनको लागि सांस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम र पालिको साझेदारीमा ३ वर्षको लागि मन्त्रालयवाट रु. ३,४८,००,०००/- र पालिककाले व्यहोर्ने रु.१,४८,००,०००/- समेत कुल रु. ४,९६,००,०००/- कार्यक्रम संचानलन गर्न समझदारी भए अनुसार रारासृष्टि निर्माण सेवा प्रा.लि. धनकुटा संग रु.४,२९,९८,८१४।७६ कवोल अंकमा मिति २०८०।११।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।१७ मा संझौता भएको देखियो । आर्थिक वर्ष २०७९।८० सम्म चौथो रनिङ्ग विलसम्मको रु. २,४६,६५,५७९/- र आर्थिक वर्ष २०८०।०८१ मा पाँचौ देखि आठौं रनिङ्ग विलसम्म जम्मा रु.१,५९,७९,७२१/- समेत कुल रु. ४,०६,४५,३००/- निमार्ण व्यवसायीलाई भुक्तानि भई सकेको अवस्था छ । यो वर्ष पालिका तर्फको मात्र भुक्तानी भई संझौता भन्दा रु. ११,७९,७२१/- पालिकालाई बढी व्ययभर परेको छ । मन्त्रालयवाट प्राप्त हुने रकम समय मै निकासा हुन पहल गर्नु पर्दछ ।

६०.२ **म्याद थप :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६(२) मा काबु वाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानसिब कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तीको निवेदन वमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि वढाउन सक्ने व्यवस्था छ । धप्पर ताल निर्माणको मिति २०८०।११।३० मा कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा मिति २०८०।१२।१४ मा बसेको कार्यपालिकाको वैठकले मिति २०८१।५।३० सम्म म्याद थप भएको देखिन्छ। म्याद थप गर्दा उचित कारण खुलाईको छैन । यसरी उचित करण वेगर म्याद थप गर्नु मनासिव देखिएन। लेखापरीक्षण अविधि २०८१।५।२५ सम्मका समेत उक्त कार्य सम्पन्न भएको देखिएन ।

६०.३ **स्थलगत लेखापरीक्षण:** पालिका प्राविधिक समेतको उपस्थितिमा मिति २०८१।५।२५ मा उक्त ताल निमार्णको स्थलगत निरीक्षण गर्दा निम्न व्यहोरा देखियो ।

• ड्याम छेकी सकिएको तर ताल नथुनेको, ताल बन्ने स्थान ढुंगा, गिटी, वालुवा र सानो खोला वगिरहेको, खानेपानीको ट्यांकी ताल बन्ने स्थानको करिव ५० मिटर रहेको, DPR भएको तर सोको अभिलेख जिन्सीमा नरहेको, तालको उद्वेश्य पर्यटन र लिफ्ट्र सिंचाई रहेकोमा सोको कार्य वाँकी रहेको अवस्था छ ।

• हाल सम्मको संझौताको करिव ९५ प्रतिशत रकम भुक्तानि भएकोमा इट्टको काम. स्टीलको काम, मन्दीर भित्रको काम, स्कटिङ्गको काम, मूर्तिको काम लगायतका फिनिसिङ्गका कार्यहरु वाँकी रहेको अवस्था छ ।

• नेपाल सरकारको चरणक्षेत्रको जग्गा रहेकोमा वन कार्यालयसंग सहमति लिए पनि अन्य निकायसँग समन्वय भएको देखिएन ।

• ड्यामको उचाई ३ मिटर मात्र रहेकोले ३ मिटर सम्मको मात्र ताल बन्न सक्ने तर Coverage Area को उचाई बढि देखिएको र DPR ले दिएको गाइडलाइन अनुसार लाभ लागत विश्लेषण गरेको देखिएन।

## ६१ **पुँजीगत खर्चको अवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु. १२८९१३२६३।- खर्च गरेकोमा रु. २८४७८६४१।– अर्थात् २२.०९ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. २४९७५२६।- र उपभोक्ता समितिबाट रु. ७२०६१३५९।– को अर्थात् ५५.८९ प्रतिशत खरिद गरेको छ । सोझै खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६२ **गुलाब खेती प्रवर्द्धन कार्यक्रम-**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने विषय उल्लेख छ। कोशि प्रदेश सरकारको सहयोगमा गुलाब खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक आर्थिक बर्षमा रु. १०,८०,७९८ खर्च गरेको छ। पालिकाले हालसम्म गुलाबको विरुवा तथा फूलहरुको उत्पादन, प्रयोग, विक्री वितरण सम्बन्धी कुनै कार्यविधि वा मापदण्ड बनाएको छैन। गुलाब खेतिको विकास र विस्तारको मुल्याङ्कन गरि उपलब्धी मापन गर्नुपर्दछ।

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १५२ जनालाई औसत ४९ दिनले ७५५० दिन रोजगारी उपलव्ध गराई रु. ५०४३४००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६४ **महोत्सव खर्च** –

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी महोत्सव खर्च गर्नुपर्दछ । तर पालिकाले यस बर्ष रारा भेट्रोन कप महोत्सवमा रु. २८००००।– उद्यौली पर्वमा रु. ११००००।– र लदी पूजामा रु. ६००००।– समेत रु. ४५००००।– खर्च गरेको छ । निश्चित विधि र मापदण्ड वेगर महोत्सव एवं पर्व खर्च (वितरण) मा नियन्त्रण हुनुपर्दछ ।

६५ **सवारी साधन खरिद** –

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले राजश्व बाडफाँड शिर्षकबाट ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ८९६७००।- खर्च गरेका छन् ।

६६ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६७ **सम्भाव्यता अध्ययन/डि.पि.आर-**

सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यस बर्ष कुनै कार्यक्रम नभएको र गत विगतको अभिलेख नरहेको अवस्था छ ।

६८ **गैर सरकारी संस्था मार्फत कार्यक्रम -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि सार्वजनिक खर्चको मापदण्ड र मितव्ययहिता सम्बन्धी निर्देशिका, २०७९ मा तोकिएको नर्म्स अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/ स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । पालिकाले त्यस्ता संस्थाहरु मार्फत सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको नियमसम्मत देखिदैन । नियम अनुसार आवश्यक प्रकृया र विधिको परिपालना गर्नुपर्दछ। केही उदाहरणहरुः

| क्र सं | गैर सरकारी संस्थाको नाम | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | चौबिसे मिडिया एण्ड रिसर्च सेन्टर प्रा. लि. | सीप विकास | २९८८८५ |
| २ | ओम सूर्य मिडिया प्रा. लि. | प्रचार प्रसार | ३९९००० |

६९ **कार्य सञ्चालन तथा अन्य कोष-**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख छ । पालिकाले यो वर्ष मर्मत, संभार, कर्मचारी कल्याण कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ३१९१७८०।- सहित रु. ५०६६७८०।- आय र रु. १३७८८५६।- खर्च गरी रु. ३६८७९२४।- मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

७० **अधुरा आयोजना –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसार रु. ९७२८०००।- का २५ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ । सभाबाट निर्णय गरी एकमुष्ट जिम्मेवारी सारिएका योजनाहरु देहाय वमोजिम रहेका छन् :

| क्र.सं. | कार्यक्रमको नाम | अनुमानित बजेट | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ऐसेलुखर्क याख्खा जातीहरुको स्तम्भ निर्माण | 800,000 | ८लाख | |
| २ | बोधे सामुदायिक कृषि भवन सपोर्टवाल निर्माण | 300,000 | ३लाख | |
| ३ | मच्छिन्द्र देवी आ.वि. घेरावार | 202,000 | २लाख २ हजार | |
| ४ | बज्रमाई मा.वि. भवन मर्मत सम्भार | 220,000 | 2 लाख 20 हजार | |
| ५ | दलित आय आर्जन कार्यक्रम | 20,000 | २०हजार | वडा ७ |
| ६ | सुरक्षित नागरिक आवास साझेदारी कार्यक्रम | 200,000 | २लाख | वडा ६ |
| ७ | सुरक्षित नागरिक आवास साझेदारी कार्यक्रम | 250,000 | २लाख ५० हजार | वडा ७ |
| ८ | सुरक्षित नागरिक आवास साझेदारी कार्यक्रम | 350,000 | ३लाख ५० हजार | वडा ८ |
| ९ | राजारानी बुधुक बोधे हंशमोरङ्ग सडक | 3,000,000 | ३०लाख | विगतको दायित्व |
| १० | वडा भरीको सडक मर्मत आब ०७८/७९ | 600,000 | ६लाख | विगतको दायित्व |
| ११ | बरबोटे डाँडा धामी चौतारा कृषि सडक | 300,000 | ३लाख | |
| १२ | हमेला निगुरबोटे सडक निर्माण | 500,000 | ५लाख | |
| १३ | सोगुम खेल मैदान | 200,000 | २लाख | |
| १४ | बौद्ध गुम्बा व्यवस्थापन | 60,000 | 60 हजार | |
| १५ | प्रधानमन्त्री साझेदारी कार्यक्रम | 200,000 | 2 लाख | वडा १ |
| १६ | कुरुलेतेनुपा बर्थिङ्ग सेन्टर व्यवस्थापन | 100,000 | 1 लाख | |
| १७ | चौविसे गतिविधी प्रचार प्रसार | 200,000 | 2 लाख | |
| १८ | रारा फुटबल | 750,000 | 7 लाख 50 हजार | |
| १९ | रामनवमी कप बुधबारे | 100000 | 1 लाख | अ.ल्या |
| २० | सदामटार फुलबल | 150000 | 1 लाख 50 हजार | अ.ल्या |
| २१ | मझुवाटार टोईलेट व्यवस्थापन | 226,000 | 2 लाख 26 हजार | |
| २२ | ठुली भञ्ज्याङ्ग सोगुम गढिगाउँ सडक स्तरोन्नती | 750,000 | ७लाख ५० हजार | |
| २३ | सडक सरसफाई वडा नं. ८ | 100,000 | १लाख | |
| २४ | विविध आर्थिक सहयोग | 50,000 | ५०हजार | |
| २५ | सरस्वती प्रा.बि.फर्निचर व्यवस्थापन | 100,000 | १लाख | |
| | जम्मा | 9,728,000 | ९७लाख २८ हजार | |

७१ **खेलकुद कार्यक्रम-**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिका तथा वडास्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ३८०४८६०.०० भुक्तानी गरेको छ । उक्त कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

| गो.भौ.नं. /मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| १०६।२०८०।९।१७ | वडा स्तरिय खेलकुद (शेर बहादुर लिम्बु ) | १५००००.०० |
| १३३।२०८०।९।२४ | वडा स्तरिय खेलकुद | १५००००.०० |
| १०६।२०८०।९।१७ | वडा स्तरिय खेलकुद (दुर्गा सिं आले ) | ७५०००.०० |
| १४७।२०८०।९।२५ | वडा स्तरिय खेलकुद (सर्मिला बुढाथोकी ) | १५००००.०० |
| १८४।२०८०।१०।१९ | चौबिसे कप सञ्चालन (त्रिवेणी नव युवा क्लव, मुढेबास) | ११२०७९५.०० |
| १८९।२०८०।११।१ | वडा स्तरिय खेलकुद (वडा नं. ६) | ११२०७९५.०० |
| २०३।२०८०।११।१४ | वडा स्तरिय खेलकुद (वडा नं. १, नरेन्द्र कुमार मगर) | १५००००.०० |
| २२२।२०८०।११।२१ | जिल्ला स्तरिय रनिङ्ग सिल्ड प्रतियोगिता (चुणामणि रेग्मी) | ३७८२७०.०० |
| २५५।२०८०।१२।९ | अन्तराष्ट्रिय मकवानपुर गोल्डकप (रारा फुटवल क्लव) | १७००००.०० |
| २६३।२०८०।१२।२१ | खेलकुद प्रतियोगिता सञ्चालन (त्रिवेणी खेलकुद समिति) | १०००००.०० |
| ३०७।२०८१।१।१८ | वडा स्तरिय खेलकुद (पदम कुमार पाङ्गी ) | १०००००.०० |
| ४७४।२०८१।३।२४ | खेलकुद सामाग्री सहयोग (हातिसार स्पोर्टस क्लव) | ७००००.०० |
| ४४६।२०८१।३।२० | खादले सिद्धदेवी गोल्डकप सञ्चालन (सि.सि.डि.आर.सी फुटवल क्लव) | ७००००.०० |
| जम्मा | | ३८०४८६०.०० |

७२ **अन्य संघ संस्था अनुदान-**

७२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम अनुसार देहाय बमोजिमका अन्य संघ संस्थामा खर्च गरेको देखिन्छ । यस्तो प्रकृतिका अन्य संघ संस्था खर्चमा मितव्ययीता अपनाउनु पर्दछ । केही उदाहरणहरुः

| गो. भौ. नं. / मिति | भुक्तानी पाउने | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| ४७५।०८१।३।२४ | देउराली टोल विकास संस्था | खेलकुद | ३०००० |
| ४७४।०८१।३।२४ | हात्तीटार स्पोर्टस क्लव | खेलकुद | ७०००० |
| ४४६।०८१।३।२० | सिसिडिआइसी फूटबल क्लब | खेलकुद | ४००००० |
| २५५।०८०।१२।९ | रारा फूटबल क्लव | खेलकुद | १७०००० |

७२.२ (२५५-२०८०-१२-९):

**कार्यक्षेत्र वाहिरको खर्च-** उल्लिखित अन्य संघ संस्था खर्चमध्ये रारा समाज सेवा संघ रारा फूटवल क्लवलाई खेलकुद कार्क्रमको लागि रु. १५५१७२।– भुक्तानी दिएको छ । उक्त भुक्तानीमध्ये होटल सूर्यन्स प्रा. लि. हेटौडाको होटल विलको रकम रु. ११६३९०।– होटल कोहरी धनुषाको खाला विल रु. ६२५०।– सुयेन फेन्सिस्टोर झापाको प्याकेट टिसर्टको विल रु. १८७५०।– हेटौडा स्पोर्टस भुण्डिपाल हेटौडाको खेलकुद सामाग्रीको रु. ११८५०।– लगायत गाडी भाडा समेतको विल भुक्तानी गरेको छ । उक्त खर्चको कार्यक्रमको आधिकारीक पत्र नरहेको खेलकुदमा पालिकालाई आमन्त्रण तथा जानकारी नरहेको र स्थानीयस्तरमा खेलकुद समेत नभएको अवस्था छ । स्थानीय स्तरको खेलकुद कार्यक्रम प्रवर्द्धनमा जोड दिनुपर्नेमा कार्यक्षेत्र भन्दा वाहिरको विल भर्पाई संलग्न गरी खर्च लेखेको रकम रु.१,७०,०००।– नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७०,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चौबिसे गाउँपालिका, धनकुटा , चौबिसे गाउँपालिका , धनकुटा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पर्शुराम दाहाल | २०७८-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोभित कुमार तुम्बा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५९३,१८५ | ४,५११,८४३ | ७४९,९४६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५,८५४,९७४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,८५४,९७४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५१६४९३२५ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१६८२९९९१ | चालु खर्च | ३०९८७५०८६ |
| प्रदेश सरकारबाट अनुदान | १८२७४२६८ | पूँजीगत खर्च | १२८९१३२६३ |
| राजश्व बाँडफाँट | ६८५०४४१० | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | ७९२५५०१.० | | |
| अन्य आय | १०७१३८२२ | | |
| कुल आय | ४२२२४७९९२ | कुल खर्च | ४३८७८८३४९ |
| बाँकी मौज्दात | | ३५१०८९६८ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | ७,५२,०८,३८९.०१ | ७,५२,०८,३८९.०१ | ७,०७,७८,१६१.९४ | ० | ७,०७,७८,१६१.९४ |
| १३००० | अनुदान | ३३,५१,०४,२५९.५४ | ३३,५१,०४,२५९.५४ | ३५,३८,९८,५२७.८१ | ० | ३५,३८,९८,५२७.८१ |
| १४००० | अन्य राजस्व | ८०,७२,२१८.७० | ८०,७२,२१८.७० | ६१,९५,१२९.१६ | ० | ६१,९५,१२९.१६ |
| क | **कुल जम्मा प्राप्ति** | ४१,८३,८४,८६७.२५ | ४१,८३,८४,८६७.२५ | ४३,०८,७१,८१८.९१ | | ४३,०८,७१,८१८.९१ |
| ३ | चालु | ३०,९८,७५,०८६.६७ | ३०,९८,७५,०८६.६७ | ३०,६४,१३,४३४.६९ | ० | ३०,६४,१३,४३४.६९ |
| २१००० | पारिश्रमिक / सुविधा | २१,२८,९३,३४६.६४ | २१,२८,९३,३४६.६४ | २१,११,१६,५६८.०४ | ० | २१,११,१६,५६८.०४ |
| २२००० | मालसामान तथा सेवाकोउपयोग | ९,२१,५५,१२५.०३ | ९,२१,५५,१२५.०३ | ९,००,३३,२००.६५ | ० | ९,००,३३,२००.६५ |
| २६००० | अनुदान | ७,००,०००.०० | ७,००,०००.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ४०,३४,०१५.०० | ४०,३४,०१५.०० | ५०,४५,११६.०० | ० | ५०,४५,११६.०० |
| २८००० | अन्य खर्च | ९२,६००.०० | ९२,६००.०० | २,१८,५५०.०० | ० | २,१८,५५०.०० |
| ४ | पूंजीगत | १२,८९,१३,२६३.१८ | १२,८९,१३,२६३.१८ | १५,९०,६३,४७१.७० | ० | १५,९०,६३,४७१.७० |
| ३१११० | भवन तथा संरचना | २,४१,९१,०८९.०० | २,४१,९१,०८९.०० | ३,३२,४०,८७८.०० | ० | ३,३२,४०,८७८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३४,०२,२७१.०० | ३४,०२,२७१.०० | ७६,६८,६२५.०० | ० | ७६,६८,६२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ११,९५,५०१.०० | ११,९५,५०१.०० | ५,९५,५१०.०० | ० | ५,९५,५१०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,८७,०९,६७५.१८ | ९,८७,०९,६७५.१८ | ११,७३,०८,२७०.७० | ० | ११,७३,०८,२७०.७० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधारखर्च | ० | ० | २,५०,१८८.०० | ० | २,५०,१८८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १२,८९,७२७.०० | १२,८९,७२७.०० | ० | ० | ० |
| ३१२२० | मौज्दात सामानहरु | १,२५,०००.०० | १,२५,०००.०० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४३,८७,८८,३४९.८५ | ४३,८७,८८,३४९.८५ | ४६,५४,७६,९०६.३९ | | ४६,५४,७६,९०६.३९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (२,०४,०३,४८२.६०) | (२,०४,०३,४८२.६०) | (३,४६,०५,०८७.४८) | | (३,४६,०५,०८७.४८) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | ३८,६४,१२५.६७ | ३८,६४,१२५.६७ | २४,४०,१४७.३८ | | २४,४०,१४७.३८ |
| घ.१) | **कट्टी रकमभुक्तानी/ दाखिला गर्न बाकी** | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंकमौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (१,६५,३९,३५६.९३) | (१,६५,३९,३५६.९३) | (३,२१,६४,९४०.१०) | | (३,२१,६४,९४०.१०) |
| च) | **गत आ.व.को नगद तथा बैंकमौज्दात** | ५,१६,४९,३२५.०४ | ५,१६,४९,३२५.०४ | ८,३८,१४,२६५.१४ | | ८,३८,१४,२६५.१४ |
| छ) | **विनिमय नाफा/ घाटा तथाअन्य समायोजन** | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगदतथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,५१,०९,९६८.११ | ३,५१,०९,९६८.११ | ५,१६,४९,३२५.०४ | | ५,१६,४९,३२५.०४ |

## बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछी सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्षको भुक्तानी | यो वर्ष सम्मको भुक्तानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | **CRM/DKT/ NCB/05/ 077/78** | धप्पड ताल व्यवस्थापन | श्री सारा सृष्टि निर्माण सेवा प्रा.लि. धनकुटा | २०78। 04।17 | २०८०। 11।३० | 2081। 05।30 | 42998814.76 | | | |
| 2. | **CRM/DKT/ NCB/01/ 078/79** | **Construction of 10 Bed Hospital** | श्री ओम साईराम/ एस.ए.एस. जे.भी. विराटनगर | २०78। 09।25 | २०८०। 09।25 | 2082। 03।30 | 150926717.61 | | | |
| 3. | **CRM/DKT/ NCB/06/ 078/79** | **Siteni Bhitta Trail Bridge (N type) Nirman** | श्री सेफ स्टिल प्रा.लि. खैरहनी - १ चितवन | २०79। 02।26 | २०79। 05।18 | - | ३३५०469.09 | 1300000.00 | 1300000.00 | |
| 4. | **CRM/DKT/ NCB/09/ 078/79** | शिखरपुर कटुवालगाउँ खानेपानी योजना | लायन हर्ट कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. केरावारी मोरङ्ग | २०79। 03।24 | २०79। 06।30 | 2080। 05।30 | 4821346.03 | 2189725.89 | 4624043.48 | |
| 5. | **CRM/DKT/ NCB/WORK/ 01/078/79** | राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती | निशन कन्स्ट्रक्सन सिमरा बारा | २०79। 09।13 | २०80। 02।31 | 2080। 09।20 | 9009288.86 | 7211884.19 | 9006701.61 | |
| 6. | **CRM/DKT/ NCB/WORK/ 04/078/79** | राजारानी मौनाबुधुक बोधे हंशमोरङ्ग सडक स्तरोन्नती | अम्विकागौरी निर्माण सेवा म्याङ्गलुङ्ग तेह्रथुम | २०79। 11।04 | २०80। 03।15 | 2080। 10।29 | 4352683.27 | 1550113.21 | 4352360.89 | |
| 7. | **CRM/DKT/ NCB/ 01/078/79** | **Bulding Construction of Kalika Pra. Vi.** | अस्मी एण्ड अमिसा कन्स्ट्रक्सन धनकुटा | २०80। 01।08 | २०80। 03।25 | - | 2789306.46 | 288601.72 | 2788450.72 | |
| 8. | **CRM/DKT/ NCB/ 09/078/79** | **Construction of Yuma Manghim Temple** | अम्विकागौरी निर्माण सेवा म्याङ्गलुङ्ग तेह्रथुम | २०80। 02।10 | २०80। 03।15 | २०80। 10।29 | 2462960.66 | 2454502.64 | 2454502.64 | |
| | **CRM/DKT/ SQ/14/ 078/79** | **Lubima khola Trail Bridge (D type) Nirman** | जनुकिरी ईण्डस्ट्रिज प्रा.लि. रुपन्देही बुटबल | २०79। 03।20 | २०79। 05।18 | - | 1813092.72 | 0.00 | 1300000.00 | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्यामा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा एकमुष्टमा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण नभएकोले अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।